Nepal Insurance and Risk Management Association NIRMA Estd. 2019

**मिति: २०८२।०५।१०**

# नेपाल बीमा तथा जोखिम व्यवस्थापन संघको अपिल तथा अनुरोध

चीनको तिब्बत क्षेत्रमा हिमताल फुटेर नेपालको रसुवा जिल्लातर्फ हुँदै बग्ने भोटेकोशी नदीमा आज बिहान आएको भीषण बाढीका कारण भएको जनधनको क्षति, मानवीय पीडा तथा सार्वजनिक पूर्वाधार, पुल, सडक तथा राजमार्गमा पुगेको व्यापक क्षतिप्रति **नेपाल बीमा तथा जोखिम व्यवस्थापन संघ** (Nepal Insurance and Risk Management Association-NIRMA) गहिरो दुःख व्यक्त गर्दछ। यस विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्णप्रति संघ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। घाइते तथा प्रभावित सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै शोकसन्तप्त परिवारजन तथा आफन्तहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दछ। साथै, बेपत्ता तथा जोखिममा रहेका नागरिकहरूको शीघ्र खोज, उद्धार र सुरक्षित पुनर्स्थापनाका लागि सम्बन्धित सबै निकायलाई प्रभावकारी रूपमा परिचालित हुन संघ हार्दिक अनुरोध गर्दछ।

नेपाल भौगोलिक, भौगर्भिक तथा जलवायुजन्य दृष्टिले उच्च जोखिममा रहेको मुलुक हो। बाढी, पहिरो, हिमताल विस्फोट, भूकम्प, चट्याङ, असिना, शीतलहर, हुरी–बतास लगायतका प्राकृतिक विपद्ले हरेक वर्ष ठूलो मात्रामा मानवीय, आर्थिक तथा भौतिक क्षति पुर्‍याउँदै आएका छन्। पछिल्ला घटनाहरूले विपद् भएपछि राहत र उद्धारमा मात्र केन्द्रित हुने होइन, विपद् आउनु अघि नै जोखिम पहिचान, न्यूनीकरण, पूर्वतयारी र जोखिम हस्तान्तरण गर्नुपर्ने आवश्यकता अझ स्पष्ट पारेका छन्।

यस सन्दर्भमा संघ सरकार, स्थानीय तह, निजी क्षेत्र, बीमा क्षेत्र, नागरिक समाज, अनुसन्धान केन्द्र तथा आम नागरिक सबैमा निम्न अनुरोध गर्दछः

- विपद्मा परेका नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनामा आफ्नो क्षमता र स्रोतअनुसार सक्दो सहयोग गरौं।
- जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने परिवार तथा समुदायले जोखिमको पहिचान गरी सम्भव भएसम्म सुरक्षित स्थानमा स्थानान्तरण वा सुरक्षित आवासको व्यवस्था गरौं।
- राज्यका सबै तहले आधुनिक प्रविधि, जोखिम नक्साङ्कन, मौसम तथा जलविज्ञानसम्बन्धी सूचना र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाई समयमै नागरिकलाई सचेत गराउने व्यवस्था सुदृढ गरौं।
- प्रत्येक नागरिक, परिवार, विद्यालय, समुदाय र संस्थालाई जोखिम व्यवस्थापन, विपद् पूर्वतयारी, प्राथमिक उद्धार तथा बीमा सम्बन्धी शिक्षा र तालिम उपलब्ध गराउने अभियान सञ्चालन गरौं।
- घर, व्यवसाय, कृषि, यातायात तथा सार्वजनिक पूर्वाधारको जोखिमलाई वैज्ञानिक रूपमा पहिचान गरी उपयुक्त बीमा तथा अन्य जोखिम हस्तान्तरणका माध्यम प्रयोग गर्ने संस्कृतिको विकास गरौं।
- विपद्पछिको राहतमा मात्र निर्भर नभई पुनर्निर्माण, पुनर्स्थापना र दीर्घकालीन पुनरुत्थानशीलता (Resilience) निर्माणमा जोड दिऔं।
- प्राकृतिक स्रोतको अव्यवस्थित दोहन, जोखिमयुक्त बस्ती विकास तथा वातावरणीय क्षति न्यूनीकरण गर्दै जोखिम संवेदनशील विकास नीति अवलम्बन गरौं।

आजको विपद्लाई केवल दुःखद् घटनाका रूपमा लिएर शोकमा सीमित हुनु पर्याप्त छैन। यसबाट सिकेर भविष्यमा हुने मानवीय तथा आर्थिक क्षति न्यूनीकरण गर्न जोखिम पहिचान, जोखिम न्यूनीकरण, पूर्वतयारी, बीमा तथा पुनरुत्थानशील समाज निर्माणतर्फ ठोस कदम चाल्नु आजको आवश्यकता हो।

नेपाल बीमा तथा जोखिम व्यवस्थापन संघ दीर्घकालीन र दिगो जोखिम व्यवस्थापनका लागि सरकार, नेपाल बीमा प्राधिकरण, बीमा कम्पनीहरू, पुनर्बीमा कम्पनी, स्थानीय तह, विज्ञ, प्राज्ञिक संस्था, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण सरोकारवालासँग सहकार्य गर्न सदैव तयार रहेको प्रतिबद्धता व्यक्त गर्दछ।

विपद्मा परेकालाई सहयोग गरौं, जोखिमलाई पहिचान गरौं, जोखिमलाई न्यूनीकरण गरौं। बीमामार्फत जोखिम हस्तान्तरण गरौं र सुरक्षित तथा पुनरुत्थानशील नेपाल निर्माण गरौं।
धन्यवाद ।

**डा. रविन्द्र घिमिरे (अध्यक्ष) तथा नेपाल बीमा तथा जोखिम व्यवस्थापन संघ परिवार**
Email: info@nirma.com.np, www.nirma.com.np